


The Three Ways
STUDY # 9
THE GREAT TRUTHS OF
THE BIBLE
"Thy word is truth" ...John 17:17


THE GREAT TRUTHS OF THE BIBLE
STUDY : # 9
THE THREE WAYS

# पाठ ९

# "तीन बाटोहरु"

***पुनश्च: कृपया यहाँ समावेश गरिएका सबै पदहरुको निम्ती आफ्नो बाइबललाई आधार बनाइ अध्ययन गर्नुहोला।यस पाठमा उल्लेखित प्राय बाइबलका पदहरु Authorized King James Version बाट उद्दृत गरिएका छन।***

आज हामी "बाइबलका ३ बाटोहर " को बिषयमा अध्ययन गर्नेछौ साधारणतया हामीले बाइबलमा २ वटा बाटोहरुको बारे पढेसुनेका छौ तर तपाईहरु तेश्रो बाटोचाहिँ के होला भनेर अचम्मित हुँदै हुनुहुन्छ होला।।आज यस पाठको अन्त्यमा तपाईले यो तेश्रो बाटोको बारे पनि बुझ्नुहुन्छ।त्यसभन्दा पहिले हामी पहिलो २ वोटा बाटोहरु मत्ती ७:१३,१४ पद अनुसार हेर्नेछौ।येशू यहाँ बोल्नुहुन्छ,

*"साँघुरो ढोकाबाट भित्र पस;किनकी बिनाशमा पुर्याउने ढोका फराकिलो हुन्छ,र बाटो चाहिं चौडा हुन्छ;अनि त्यसबाट भित्र पस्नेहरु धेरै हुन्छन्।१४ किनभने जीवनमा पुर्याउने ढोका साँघुरो र बाटो पनि साँघुरो हुन्छ;अनि यो भेट्टाउने थोरै हुन्छन्।"*



"यी दुई बाटोहरु के हुन् त?परम्परागत ख्रीष्टियन विश्वासमा यि दुई बाटोहरुलाई स्वर्ग र नर्क पुर्याउने बाटोहरु हो भन्ने बुझिएकोछ।याद गर्नुहोस्,यि येशूले बोलेका शब्दहरू हुन्।अनि हामीले येशूले कुन तरिकाले बोल्ने गर्नुहुन्थ्यो भन्ने कुरा मत्ती १३:३४ मा हेरौ।

*"......र दृष्टान्त बिना उहाँले तिनीहरूलाई केही भन्नु भएन:"*

हामीले यो याद राख्नु पर्दछ कि येशू सँधै दृष्टान्तहरूमा बोल्ने गर्नुहुन्थ्यो।बाइबलमा उहाँले बोल्नुभएका ३९ वटा दृष्टान्तहरू बाहेक उहाँले अरु छोटा दृष्टान्त्मक वाक्यहरु पनि बोल्नुभएको

छ।यसकारण मत्ती ७:१३,१४ मा उल्लेखित गरिएका २ ओटा बाटोहरुमा पनि दृष्टान्तको प्रयोग गरिएको छ।यसको खास अर्थहरु के हो त?हामीले यसलाई उदाहरण र व्याख्याद्वारा बुझ्न सक्छौ।उदाहरणको लागी:जब एक जवान केटा वा केटी गलत गतिविधिहरूमा संलग्न हुन्छन्, तिनीहरुको अभिभावकहरूले उसलाई यस प्रकार प्रश्न गर्ने गर्छन् "तिमी जिवनमा कुन मार्ग/ बाटोमा हिडिरहेको छौ?" यसले सामान्य सडक अथवा हिड्ने बाटोभन्दा पनि जिवनमा कुन मार्ग अपनाइएको छ भन्ने कुरा जनाउदछ।हजुर,प्रभुले पनि मत्ती ७:१३,१४ मा उहाँको दिनहरुमा (उहाँको पुनरागमनभन्दा पहिला) मानब जिवनमा उपलब्ध २ वटा बाटो/मार्गको छनौटको विषयमा प्रकाश पार्न खोज्नुभएको हो।

१) फराकिलो बाटो

२) साँघुरो बाटो

साथै यस पदमा गन्तव्यको रूपमा स्वर्ग वा नरक पनि उल्लेख गरिएको छैन तर यि बाटोहरुले "विनाश" र "जीवन" मा पुर्याउदछन भन्ने कुरा उल्लेख गरिएको छ।यसको अर्थ के हो त?यो "विनाश" र "जीवन" भन्नाले के बुझाउँछ त?उत्तरहरू प्राप्त गर्न अघि हामीले यी मार्गहरू विस्तृत रूपमा अध्ययन गर्नुपर्दछ।

१) पहिलो बाटो (फराकिलो मार्ग):अब हामिले पहिला यस फराकिलो बाटोलाई बुझ्न फेरी मत्ती ७:१३ लाई हेरौ।

*"साँघुरो ढोकाबाट भित्र पस; किनकी विनाशमा पुर्याउने ढोका फराकिलो हुन्छ,र बाटोचाहिं चौडा हुन्छ;अनि त्यसबाट भित्र पस्नेहरु धेरै हुन्छन्।"*

यो फराकिलो बाटो र विनाशको खास अर्थ के हो त?यसमा यो बाटोमा पस्नेहरु धेरै छन भनेर पनि हामीले पढ्यौ।यसर्थ,हामीले साधारणतया ससांरका बहुसंख्यक जनसंख्या यस बाटोबाट हिडिरहेका छन भन्ने पनि भन्न सक्छौ।



यो साच्चै कुन बाटो होला त?हामीले यसबारे हितोपदेश १४:१२ मा पढ्न सक्छौ।

*"एउटा बाटो छ,जुनचाहिँ मान्छेको दृष्टिमा ठीक देखापर्छ तर त्यसको अन्त्यचाहिं मृत्युका बाटाहरु नै हुन्।"*

हजुर,सम्पूर्ण मानवजातीले पहिल्याएको बाटो उसको नजरमा ठिकै देखिन्छ तर वचनको अन्तिममा त्यसले मृत्युमा पुर्याउने कुरा पाउदछौं।



जिवनको कस्तो मार्गले हामीलाई अन्त्यमा मृत्युमा लैजान्छ त? हामीले रोमी ६:२३ मा यसको स्पष्ट उत्तर पाउदछौ।

*"किनकी पापको ज्याला मृत्यु हो।"*

हो,मृत्यु पापको फल अथवा व्युत्पति हो।हजुर,मत्ती ७:१३ मा उल्लेख गरिएको विनाशको खास अर्थ चाँही मृत्यु हो।विचार गर्नुहोस हामी आँफैले यस संसारमा आफ्नो जिवनकालमा आफ्नै वरिपरि नै थुप्रै प्रकारका विनाशहरु देख्दछौ।

- व्यवसायको विनाश ....... घाटा/दिवालियापन मार्फत।
- घर वा निर्माणको विनाश ....... आगो वा प्राकृतिक आपतकाल मार्फत
- मित्रताको विनाश ....... झगडा, ईर्ष्या आदि मार्फत।
- शहर/देशको विनाश ....... सुनामी,युद्ध,भूकम्प,आँधीबेहेरी जस्ता विपत्तिहरू आदि मार्फत
- विवाहको विनाश ....... सम्बन्धविच्छेद,व्यभिचार,आदि मार्फत।
- शरीरको विनाश ....... रोगहरू,दुर्घटनाहरू,आदि मार्फत।

यी सबै प्रकारका विनाशहरूको पुनःप्राप्ति/पुनर्स्थापनाको तरिका र उपायहरु छन तर एउटा विनाशचाँही अन्तिम र धुब्रसत्य छ जुन चाहिँ मृत्यु हो।हो,मृत्युचाँही सबैभन्दा डरलाग्दो विनाश हो।तपाईहरु पनि कसै न कसैको कुनै बेला दाहसंस्कारमा सहभागी हुनुभएको छ होला।



तपाईले ति सबै दाहसंस्कारहरुमा हुने चरम बेदना र उत्कठ शोक स्तब्धता याद गर्नुहोस त।



हजुर,मानवजातिको पहिलो दाहसंस्कार पनि त्यस्तै थियो।बस्,तपाईले आफ्ना आँखाहरु बन्द गर्नुहोस र कल्पना गर्नुहोस।



कस्तो दर्दनाक अवस्था थियो होला जब कयिनले आफ्नो भाइ हाबिललाई मारिसकेपछी हाबिलको मृत शरिर वरिपरि रगतको धाराहरु देख्दा कयिनमाथी आफुले अत्यन्तै दुष्ट काम गरेको महसुस भएपछि ऊ भागेर आफ्नो बुवाआमा र दिदीबहिनीहरुबाट लुकेको थियो होला।

आदम र हब्बाले राती अबेरसम्म आफ्ना दुई छोराहरु कयिन र हाबिल घर नफर्किएपछी चिन्तित हुँदै खोज्न जाँदा हाबिललाई रगताम्य भएर जमिनमा लडिरहेको देख्दा अत्तालिए पनि होलान।उनिहरुले हाबिलको शरिरलाई घच्घचाएर उसलाई ब्युँझाउन पनि खोजे होलान।हाबिल नब्युँझिएपछि हब्बाले आदमलाई "*मैले हाबिललाई कहिल्यै यस्तो गहिरो निद्रामा परेको देखेको थिएन*" पनि भनिन होलान।जब समय झन बित्दै गयो र हाबिलको शरिर निलो हुँदै र कडा हुँदै गयो

तैपनि हाबिल निद्राबाट ब्युँझेनन तब मात्र आदमको दिमागमा हाबिल मरिसकेको विचार पसेको होला।अनि प्रभुले आदम र हब्बालाई "तिमीहरु निश्चय नै मर्नेछौ"भन्नुको तात्पर्य पनि यही थियो।हामी कसैले त्यती बेलाको यस पृथ्वी र मानवजातिको प्रथम मृत्यु र दाहसंस्कारमा घटेको दृश्य,आदम,हब्बा र आदमको बाँकी सम्पूर्ण परिवारको शोक र चरम वेदनालाई बस कल्पना मात्र गर्न सक्छौ।



हो,यथार्थमा,पाप र मृत्युको मार्ग त्यतिबेला देखी नै शुरुवात भयो जसमा हामी सम्पूर्ण मानवजाती जिइराखेका र हिडिरहेका छौ।हो,यही नै फराकिलो मार्ग हो जसले चाहिँ मृत्यु अथवा विनाशमा पुर्याउदछ।हो,संसारका बहुसंंख्यक मानवजाती यही फराकिलो मार्गमा जिइराखेका छन,जसरी वचनमा यसबाट भित्र पस्नेहरु धेरै हुन्छन भनेर लेखिएको छ।यो पापमय फराकिलो बाटो/मार्ग हरेक मानवले उसको जन्ममा नै लिएर आएको हुन्छ।भजनसंग्रह ५१:५ मा लेखिए अनुसार यो आदमको पाला देखी जन्मजात नै हरेक मानव शरिरमा वंशाणुगत तवरमा सर्दै आइरहेको छ।

*"हेर्नुहोस्,म अधर्ममा उत्पन्न भए,र पापमा मेरी आमाले मलाई गर्भधारण गरिन्।"*

धेरै जनाले बाइबलको यस पदलाई र यसको गहिराईलाई नबुझेर भजनसंग्रहका लेखक दाउदले आफ्नो विषयमा लेखेका हुन भन्ने मानिलिन्छन।तर त्यस्तो होईन।हामीले यसै विषयमा नै बाइबलको अर्को पद रोमी ५:१२ मा स्पष्ट पाउदछौ।

*"यसकारण जसरी एकजाना मानिसद्वारा संसारमा पाप पस्यो,र पापद्वारा मृत्यु आयो,अनि त्यसरी नै मृत्यु सबै मानिसहरुमा फैलियो;किनकी सबैले पाप गरेका छन।"*

हेर्नुहोस त, यस पदमा प्रष्ट लेखिएको छ।यो पाप र मृत्युको अवस्था कालान्तरमा सम्पूर्ण मानवजातिमा हरेक आमाको गर्भद्वारा नै फैलिदै गयो।हो,दाउदले भजनसंग्रह ५१:५ मा यही कटु-यथार्थलाई प्रष्ट पार्न खोजेका हुन।हो,सरल भाषामा भन्दाखेरी आदम नै ति पहिलो व्यक्ति थिए जसले त्यो मृत्युको फराकिलो बाटोलाई पापको ध्वजा काटेर खुला गरिदिए र आफै त्यो मार्गमा प्रवेश गरी हिंडे।



आदमलाई त्यस मार्गको गन्त्यब्यसम्म (मृत्यु) पुग्न ९३० बर्ष (उत्पत्ती५:५) लाग्यो। तर आजको समय र युगमा मानव जिवनको मार्ग पुरा हुन मात्र ६०/८० र कसैमा ३० बर्ष पनि लाग्दछ।यो किन भएको होला?किनकि तकरिबन ६० दशकसम्म अथवा ६००० वर्षहरुमा र पछि असन्ख्य मानिसहरु यसै मार्गमा आफ्नो जिवन

बिताइसके त्यसैले यो मार्ग यती सहज भयो कि मानिसहरुले स्वतस्फुर्त र सजिलै पाप गर्दछन र पापको मार्गको गन्त्यव्य मृत्युमा चाडै पुग्दछन।



यसर्थ,पाप मानिसहरुको निम्ती यति प्राकृतिक भयो कि ठिक कार्य गर्नुभन्दा पाप गर्नु सहज हुँदै गयो।यसरी,पाप मानिसको रगत र वंशमा सजिलै छिर्यो,र यती बढ्दै गयो कि मानिसले धार्मिकतालाई चटक्कै बिर्सिदै गए।




जसरी हितोपदेश १४:१२ मा लेखिएको छ,

*"एउटा बाटो छ,जुनचाहिँ मान्छेको दृष्टिमा ठीक देखापर्छ तर त्यसको अन्त्यचाहिं मृत्युका बाटाहरु नै हुन्।"*

के तपाईंले कल्पना गर्न सक्नुहुन्छ,आज पापको मार्ग मानिस जातीलाई आफ्नो दृष्टिमा यती ठिक र सत्य ठहरिएको छ।यस तथ्यको गहिराइलाई बुझ्न,आउनुहोस,हामी पापको मार्गको केही उपज र उदाहरणहरुलाई नियाँलौ जुन मानिसको निम्ति सामान्य नै भइसकेको छ।

**"झुट"**

कुनैपनि असत्य कुरा बोल्नु नै झुट हो।अध्ययन अनुसार मानिसले दैनिक २५० वटा झुटहरु बोल्छन भन्ने तथ्य पत्ता लगाइएको छ।यो अचम्म लाग्ने विषय बन्न सक्छ तर हामी कुन-कुन तरिकाले झुट बोल्दछौ भन्ने कुरालाई नियालेर हेरौ।

- >कसैले भेटघाट हुँदा अभिवादन स्वरुप "तिमीलाई कस्तो छ?" भनेर सोध्यो भने बिसन्चो र बेखुशी हुँदाहुँदै पनि अकस्मात हाम्रो मुखारबिन्दुबाट " म सन्चै/ठिकै छु" भनेर झुट बोल्दछौ।

- >हाम्रो कार्यालय र व्यापार/व्यवसायमा पनि मुल्य,डेलिभरी र समयसिमा आदी सम्बन्धित अन्तरकृयामा पनि हामी जान अजानमा झुट बोलिरहेका हुन्छौ।

->हामी पाहुना भएर अरु कसैको घरमा गएर खाना खाँदा  र त्यसको स्वादको बारे सोधिहाले मिठो नभए पनि हामीले "आहा,कस्तो मिठो पकाएको,यस खाना पकाउने बिधि कहाँ पाइन्छ?" भनेर प्रतिक्रिया स्वरुप झुट बोल्दछौ।

- >हामीले आफ्नै बालबच्चाहरुलाई तहमा ल्याउन काल्पनिक,डरलाग्दो Boogey Man जस्ता जिव जन्तुहरुको विषयमा  झुट बोल्दछौ।

हामिले स–साना झुटहरुलाई सजिलै ग्रहण गरी परमेश्वर ठुला-ठुला झुटहरुसँग मात्र अप्रसन्न हुनुहुन्छ भनि ठान्दछौ।हामीले स-साना झुटहरु बोल्दछौ/सुन्दछौ र त्यसपछी अझै "हो र?साच्चै?"जस्ता शब्दहरु प्रयोग गर्दछौ।त्यसो भने त सच्चा झुट अथवा साँचो झुट पनि हुन्छ कि त?एउटा अङ्ग्रेजी चलचित्रको नाम नै "सच्चा झुट (True Lies)" भनेर नामाकरण गरिएको छ।कल्पना गर्नुहोस–झुट र झुटो बोल्नु मानव रगतमा यति साह्रो गाँजिसकेको छ कि मानिसले स्वभावैले झुट बोल्दछ।साचो बोल्नु अहिलेको समयमा नितान्त कठिन बन्दै गएको छ।

आउनुहोस्,अर्को पापको बारेमा हेरौ।

## “निन्दा/गफ “

अरुको व्यवहार,आचरण र तिनीहरुले गरेका कार्यहरुको खुला अथवा सामुहिक रुपमा अनाबश्यक चियो–चर्चा गर्नु पनि कति मानिसको लागी रमाइलो,समय बर्बादी र दिन–चर्या हुन्छ।अझ कतिले अरुको कमजोरीहरुलाई लिएर पार्टी/भोज समेत मनाउदछन।यो कार्य सँधै अरुको खातिर गर्ने गरिन्छ।कुरा काट्नेले आफुले बोलेका शब्दहरु आफैको लागी हुन्थ्यो भने सहनै नसक्ने हुन्छ।यो अरुको चरित्र-हत्या जस्तो अपराधलाई आजको समाजले यति सहजै रमाहटको लागी लिदँछन।

त्यस्तै अर्को पापको विषयमा पनि हेरौ।

## “स्वार्थपना“

यो कुनै पनि मानिसले दैनिक जिवनयापन र अवस्थाहरुमा आफ्नो बारेमा मात्रै सोच्नु,ब्यवहार गर्नु र बढाइ गर्नु नै स्वार्थपना हो।यो दैनिक जिबनमा निम्न प्रकारहरुले प्रदशित हुन्छ।

->घरभित्रकै परिवारका सदस्यहरु माझ:घरको घरायसी उपकरणहरु जस्तै टेलिभिजन र घरको कामहरुको बाडफाँड सम्बन्धमा

->सार्बजनिक सवारी साधन(बस,रेल र हवाई जहाज आदिमा):बस्ने सिट र त्यस भित्र उपलब्ध सुबिधाहरुको लागि

->बिद्यालयहरुमा बिद्यार्थीहरु माझ कक्षा कोठाहरुमा र खेल मैदानमा


->व्यापार/ब्यवसायमा:दैनिकआय-र सम्‌बन्धित कामहरुमा

->अगुवा र नेताहरुमा:अन्तरदेशिय भौगोलिक भु-भाग र पानी सम्‌बन्धी अन्तरदेशिय कलहहरु

प्राय विश्वमा घट्ने धेरै जस्तो कलह,समस्या र उथल-पुथलहरुको मुख्य कारक तत्त्व र जरा नै स्वार्थ हो।यसरी यि पापको उपज र पापको मार्गका उदाहरणहरुको सुची अनगिन्ती छन।यि केहि उदाहरणहरु चाहिँ फराकिलो मार्गसँग सम्‌बन्धित छन जसमा संसारका बहुसन्ख्यक मानिसहरु सयर गरी राखेका छन जसले चाहिँ विनाश अथवा मृत्युमा पुर्याउदछ।हो,यो चाहिँ पापको मार्ग हो जसको बारेमा येशू ख्रीष्टले पनि मत्ती ७:१३-१४ मा बोल्नुभएको छ।

*"साँघुरो ढोकाबाट भित्र पस;किनकी विनाशमा पुर्याउने ढोका फराकिलो हुन्छ,र बाटो चाहिं चौडा हुन्छ;अनि त्यसबाट भित्र पस्नेहरु धेरै हुन्छन्।१४ किनभने जीवनमा पुर्याउने ढोका साँघुरो र बाटो पनि साँघुरो हुन्छ;अनि यो भेट्टाउने थोरै हुन्छन्।"*

त्यसैले नै हामीले दिब्य योजनाको (Divine Plan) चित्रमा सतह N देखी तल खसेको सतह R सम्मको क्षेत्रलाई "फराकिलो बाटो" नामाकरण गरिएको पाउछौ।




Divine Plan को चित्रमा पहिलो र दोश्रो संसारलाई सतह R मा अन्कित गरिएको छ।यहुदीहरुको युगमा इस्राएललाई सतह P मा देख्न सकिन्छ जुनचाहिं सतह N सँग धेरै नजिक छ।सतह P भन्दा

तलको भागले इस्राएलीहरुले वार्षिक प्रायश्चितको बिधीबिधानद्वारा प्राप्त गरेको इस्राएलीहरुको विशेष न्यायिक अवस्थालाई दर्शाउदछ (लेबी१६:२९-३०)।त्यसपछी प्रभुले इस्राएलीहरुलाई ब्यवस्था दिनुभयो जसमा करार बाँधिएको थियो जुनचाहिँ हामीले गलाती ३:१२ मा पाउदछौ।

*"तर व्यावस्थाचाहिँ विश्वासबाटको होइन;तर जुन मानिसले तिनलाई पालन गर्छ,ऊ तिद्वारा जिउनेछ।"*

हो,प्रभुले मोशाद्वारा इस्राएलीहरुलाई ब्यवस्थाहरु दिनुभयो जुन चाहिँ जिवनको मार्ग थियो तर खसेका र पतित (गलाती २:१६) मानबजातीहरु,विशेषगरी इस्राएलीहरुले ति प्रभुका सिद्ध ब्यवस्थाहरुलाई पूर्ण रूपमा पालन गर्न असमर्थ भए जसद्वारा सम्पूर्ण इस्राएलीहरु पनि मृत्युसम्मै पुगे।यसरी नै सम्पूर्ण विश्व र इस्राएलीहरुको लागी येशू ख्रीष्टको प्रथम आगमनसम्म (मृत्युभन्दा अघिसम्म) यही फराकिलो मार्ग मात्र खुला थियो।

२)दोश्रोबाटो(साँघुरो बाटो):त्यसपछि येशू ख्रीष्टको मृत्युपछी अर्को नयाँ बाटो खोलियो जसको बारेमा हामी अब अध्ययन गरौ।हिब्रु १०:१९,२० मा लेखिएको छ,

*"यसकारण भाईहरुहो,येशूको रगतद्वारा महापवित्रस्थानभित्र प्रवेश गर्ने हिम्मत प्राप्त भएको हुनाले,२० एउटा नयाँ र जिउँदो बाटोद्वारा,जुन बाटो उहाँले त्यस पर्दाद्वारा हाम्रो निम्ती खोल्नुभयो, जुनचाहिँ उहाँको शरीर हो।"*

यसर्थ,दाजु-भाइ,दिदी-बहिनीहरू,परम पवित्रस्थानमा पस्न हामी पूर्ण स्वतन्त्र छौ।येशूको रगतको कारणले हामी बिना कुनै डर जान सक्छौ।अनि येशूले हाम्रो निम्ति खोलिदिनुभएको एउटा नयाँ र जिउँदो बाटोबाट हामी प्रवेश पाउन सक्छौ।यस नयाँ बाटोले पर्दातिर डोरयाउँछ,जुन ख्रीष्टको शरीर हो।हो,येशू ख्रीष्टले त्यो क्रुशमा आफ्नो मृत्युद्वारा एउटा नयाँ र जिवित मार्ग खोलिदिनुभयो।त्यो मार्ग जसले जिवनमा पुर्याउदछ।हो,यही बाटो नै येशूले मत्ती ७:१४ मा बोल्नुभएको छ।

*"किनभने जीवनमा पुर्याउने ढोका साँघुरो र बाटो पनि साँघुरो हुन्छ;अनि यो भेट्टाउने थोरै हुन्छन्।"*

हजुर,यो नयाँ बाटोले जिवनमा पुर्याउदँछ र येशू ख्रीष्टले पनि हामीलाई यही नयाँ बाटोमा हिड्न सल्लाह दिनुहुन्छ।जसरी हामिले मत्ती ७:१३ मा प्रष्ट पढ्दछौ।

*""साँघुरो ढोकाबाट भित्र पस;किनकी विनाशमा पुर्याउने ढोका फराकिलो हुन्छ,र बाटो चाहिँ चौडा हुन्छ;अनि त्यसबाट भित्र पस्नेहरु धेरै हुन्छन्।"*

यो साँघुरो बाटो जसको साँघुरो ढोका हुन्छ र यो मार्गले जिवनमा पुर्याउदछ।यसको अर्थ के हो?यो कस्तो बाटो हो त?यसले जिवनमा पुर्याउदछ भन्नुको तात्पर्य के हो त?



येशू ख्रीष्टको मृत्युको घडीमा मन्दिरको पर्दा उघारियो जसद्वारा महापबित्रस्थानमा जान सकिन्थ्यो।यो यही साँघुरो बाटो खोलिएको चिन्ह हो।यस सन्दर्भमा हामीले मत्ती २७:५१,लुका २३:४५ र मर्कुस १५:३८ मा पढ्न सक्छौ।

मत्ती २७:५१, *"अनि हेर,मन्दिरको पर्दा टुप्पादेखी फेदसम्म दुई भाग भएर च्यातियो;अनि पृथ्वी हल्लियो,र चट्टानहरु फाटे।"*

लुका २३:४५, *"अनि सुर्य अँध्यारो भयो,र मन्दिरको पर्दा बिचैमा च्यातियो। "*

मर्कुस १५:३८, *"अनि मन्दिरको पर्दा टुप्पादेखी फेदसम्म दुई भाग भएर च्यातियो।"*



हो,यो साँघुरो बाटो खोलिएको कस्तो अद्भुत चिन्ह हामी पढ्दछौ।महापबित्रस्थान छिर्ने त्यो पर्दा यती गर्हौ र बाक्लो थियो कि महान पुजाहारीले वार्षिक रूपमा त्यस महापबित्रस्थान भित्र छिर्दा उचाल्न समेत नसकेर पर्दा तलबाट घिस्रिएर जानुपर्थ्यो।कल्पना गर्नुहोस्,त्यति गह्रौं पर्दा आफै कसरी च्यातियो।यो बडो अचम्मको कुरा हो।आऔ,अब हामी पहिले यो पर्दा च्यातिनुको महत्त्वलाई बुझौ।हिब्रु ९:२-८ मा लेखिएको छ,

*"२किनकी एउटा निवासस्थान बनाइएको थियो;पहिलोचाहिँमा सामदान,टेबल र भेटिका रोटीहरु थिए,जसलाई पवित्रस्थान भनिन्छ।३अनि दोस्रो पर्दाको पछिल्तिर अर्को निवासस्थान थियो,जसलाई महापवित्रस्थान भनिन्छ,४ जसमा सुनको धुपवेदी र चारैतिर सुनले मोहोरेको वाचाको सन्दुक थिए,जुन सन्दुकभित्र मन्न भएको सुनको भाँडा,कोपिला लागेको हारुनको लौरो र वाचाका पाटीहरु थिए;५अनि त्यसमाथि कृपाआसनलाई छहारी दिइराखेका महिमाका*

*करुबहरु थिए,जसको विषयमा अहिले एक-एक गरी बयान गर्न हामी सक्दैनौ।६अनि जब यि कुराहरु यस प्रकारले तयार भए,तब पूजाहारीहरु परमेश्वरका सेवाहरु पुरा गर्दै सँधै त्यस पहिलो निवासस्थानभित्र पस्दथिए।७तर दोस्रोभित्र चाहिँ महापुजाहारी मात्र बर्षमा एकपल्ट पस्थे,रगत चाहिं नलिकन होइन।जुन रगत उनले आफ्नै निम्ति र मानिसहरुका भुलचुकहरुका निम्ति चढाउँथे;८यसद्वारा पवित्र आत्माले यही देखाइ रहनुभएको छ:पहिलो निवासस्थान खडा रहुन्जेल महापवित्रस्थानभित्र पस्ने बाटो अझैपनि प्रकट गरिएको थिएन।"*

परमेश्वरको पवित्रस्थान बनाउन प्रभुले मोशालाई जब आज्ञा दिनुभयो (प्रस्थान२५:९), त्यतिबेला पनि त्यस पवित्रबासस्थानमा सबैभन्दा अन्तिम र भित्री कोठाचाहिँ महापवित्रस्थान थियो जेले चाहिँ स्वर्ग र प्रभुको उपस्थितिलाई जनाउदछ।महापवित्रस्थानमा रहेको गवाही पाटीको सन्दुक माथीको दुई करुबहरुको बिचमा देखिने ज्योति नै परमेश्वरको उपस्तिथि हो।हो,साँघुरो बाटो यही नै हो जसलाई येशू ख्रीष्टले खोलिदिनुभयो र जसले चाहिँ स्वर्गमा पुर्याउदछ।हो,यो एउटा मुक्ति हो जेको बारेमा हामीले हिब्रु २:३,४ मा पाउदछौ।

*"यदी हामीले यती ठुलो मुक्ति वास्ता गरेनौ भने हामी कसरी उम्किन्छौं त?जुन मुक्तिको प्रचार हामीले प्रभुबाट शुरु भएको हो र उहाँको सुन्नेहरुद्वारा,हाम्रा निम्ति प्रमाणित गरियो;४साथै परमेश्वरले पनि आफ्नै इच्छा अनुसार दुबै चिन्हहरु र अचम्मका कामहरु,अनि अनेकौं सामर्थ्यका कामहरु र पवित्र आत्माका दानहरुद्वारा उनीहरुको साथमा गवाही दिनुभयो।*

यो मार्गलाई महान मुक्ति पनि भनिन्छ र यो स्वर्गीय मुक्ति हो जेको विषयमा प्रेरित पावलले पनि फिलिप्पी ३:१४ मा यसरी लेखेका छन।

*"ख्रीष्ट येशुमा परमेश्वरको उच्च बोलावटको पुरस्कारका निम्ती म निशानातर्फ दगुर्छु।"*

तब,यो साँघुरो बाटोले कस्तो जिबनमा पुर्याउदछ त?यसबारे हामी रोमी २:७ मा पढ्न पाउछौ।

*"धीरजसँग असल काममा लागि रहँदै महिमा,आदर र अमरताको खोजी गर्नेहरुलाई अनन्त जीवन।"*

हो,यस बाटोले पुर्याउने जिवनचाहिँ अमरत्व हो।यसको अर्थ के हो?अमरत्व के हो त?धेरैले अमरत्वको अर्थ प्रष्टसँग बुझेका छैनन।प्रायले साधारणतयः मानिसको आत्मा कहिल्यै नमर्ने भएकाले यसैलाई नै अमरत्व ठान्दछन।के बाइबलले यही शिक्षा दिँदछ त?१ तिमोथी ६:१६ मा पढौ।

*"उहाँसँग मात्र अमरत्व छ,उहाँ ज्योतिमा बास गर्नुहुन्छ,जसको नजिकमा कोही मानिस पनि जान सक्दैन;उहाँलाई कुनै मानिसले देखेको छैन,न ता देख्न सक्छ;उहाँलाई नै आदर र अनन्त अधिकार होउन्!आमेन।"*

अब उहाँ को हुनुहुन्छ त जसमा अमरत्व छ?उहाँ येशु हुनुहुन्न किनकि यस पदमा हामी पढ्छौ कि कुनै मानिसले उहाँलाई देखेको छैन।हो,उहाँ स्वर्गीय पिता परमप्रभु हुनुहुन्छ।हो,बाइबलले हामीलाई शुरुमा पितामा मात्र अमरत्व थियो भन्ने कुरा सिकाउदछ।पृथ्वी र स्वर्गका सबै जिवित प्राणीहरु मरणशील बनाइएको थियो।स्वर्गमा मरणशील दुतहरु बनाइयो भने पृथ्वीमा मरणशिल मानव प्राणी आदम बनाइयो।मरणशीलहरु जिवन भए पनि मर्ने प्राणीहरु हुन भने अमरत्व धारण गरेका प्राणीहरु कहिल्यै नमर्ने हुन्छन।जहाँ मृत्युको कुनै सम्भावना र अस्तित्व नहुनु नै अमरत्व हो।अनि मानवजातीहरु कसरी बनिएका हुन्छन?येशु ख्रीष्ट आँफैले बोल्नुभएका शब्दहरु हेरौ।

लुका ९:६०

*"येशूले त्यसलाई भन्नुभयो:"मुर्दाहरुलाई आफ्ना मुर्दाहरु गाड्नदेउ;तर तिमी चाहिँ जाऊ,र परमेश्वरको राज्यको प्रचार गर।"*

हो,हामी आदमका सन्तानहरुलाई उहाँले मरणशील प्राणी नभैकन मृत भनेर भन्नुभयो किनकी अदनको बगैंचामा आदम पापद्वारा पतित भई सकेपछि सम्पूर्ण मानवजाती मर्नका लागी नै जन्मेका हुन्छन।बरु स्वर्गका दुतहरु मरणशील प्राणी भए पनि जिइरहेका छन।त्यसो भने यस विषयमा येशु कस्तो हुनुहुन्थ्यो त?आउनुहोस।हामी प्रकाश १:१८ लाई पढौ।

*"अनि जिवित म नै हुँ;म मरेको थिए;अनि हेर,म सदा-सर्वदाको निम्ति जिवित छु;आमेन।अनि नरक र मृत्युको साँचोहरु मसँग छन्।"*



येशु आफैले पनि 'म मरेको थिए' भन्नुभएको छ।येशु पनि मरणशील मानिसको रूपमा क्रुशमा मर्नु भयो जसरी हामी मत्ती २७:५० मा पाउदछौ।

*"फेरी ठुलो स्वरले कराएर येशूले प्राण छोड्नुभयो।"*

तर तेश्रो दिनमा येशुलाई पितामा भएको अमरत्व प्रदान गरियो (युहुन्ना ५:२६) र अहिले अमर हुनुहुन्छ जसरी हामिले प्रकाश १:१८ मा पढ्न सक्छौ।

*"अनि हेर, म सदा-सर्वदाको निम्ती जिवित छु।"*

यो कुरा बुझी सकेपछि आउनुहोस हामी अर्को महत्वपूर्ण विषयलाई हेरौ।२ पत्रुस १:४ मा यसरी लेखिएको छ।

*"जसद्वारा हामीलाई अत्यन्तै ठुला र बहुमुल्य प्रतिज्ञाहरु दिइएका छन्, यसैले कि यि प्रतिज्ञाद्वारा*

*तिमीहरु यस संसारमा अभिलाषाद्वारा हुने भ्रष्टताबाट उम्केर इश्वरीय स्वभावका भागिदारहरु होओ।"*

हो,यस सुसमाचारिय युगमा पनि येशुका चेलाहरुलाई र उहाँको पदचिन्हमा हिड्नेहरुलाई पनि यस्तै अमरत्व र इश्वरीय स्वभावको जिवन प्राप्त हुने प्रतिज्ञा गरिएको छ।यो नितान्त पत्याउनै नसकिने लाग्न सक्छ।तर यसै विषयलाई अर्को पदहरु पढेर पक्का गरौ।

१ कोरिन्थी १५:५३, *"किनकी यस विनाशीले अविनाशीलाई पहिरनैपर्छ,र यस मरणशिलले अमरतालाई ओढ्नैपर्छ।"*

प्रकाश २०:६ *"यस पहिलो बौरिउठाइमा जसको भाग हुन्छ,ऊ धन्य र पवित्र हो;यस्ताहरुमाथि दोस्रो मृत्युको कुनै अधिकार छैन,तर तिनीहरु परमेश्वरका र ख्रीष्टका पूजाहारीहरु हुनेछन्,र तिनीहरुले उहाँसित हजार वर्षसम्म राज्य गर्नेछन।"*

हो,यस पदहरुमा पनि अमरत्वको प्रतिज्ञा गरिएको छ जसलाई पहिलो *पुनरुत्थान* भनिएको छ।यस अमरत्वको प्रतिज्ञालाई प्रेरित पावलले २ तिमोथी ४:८ मा मुकुट भनेका छन।

*"अब उप्रान्त मेरा लागी धार्मिकताको मुकुट राखिएको छ,जुनचाहिँ धार्मिक न्यायकर्ता प्रभुले त्यस दिनमा मलाई दिनुहुनेछ,र मलाई मात्र होइन,तर उहाँको आगमनलाई प्रेम गर्ने सबैलाई पनि दिनुहुनेछ।"*

यसै प्रतिज्ञालाई ध्यानमा राखी प्रेरित पावलले रोमी १२:१ मा ख्रीष्टियानहरुलाई यसरी लेखेका छन।

*"यसकारण भाईहरु हो,परमेश्वरका कृपाहरुद्वारा म तिमीहरुलाई विन्ती गर्दछु;तिमीहरुले आफ्ना शरीरहरु पवित्र,परमेश्वरलाई मनपर्ने,जिउँदो बलिदानको रुपमा चढाइदेओ;यही तिमीहरुको समुचित सेवा हो।"*

यहाँ पावलले ख्रीष्टियानहरुलाई आ–आफ्नो शरिरलाई जिउदो बलिको रूपमा अर्पण गर्न आग्रह गरेका छन।किन?यसको अर्थ के होला?यसको अर्थ येशुकै पदचिन्हहरुमा हिड्न र जिउन अर्पण गरिएको जिवनको बारे भन्न खोजिएको छ।यसै विषयलाई हामी अरु पदहरु (फिलिप्पी १:२९,२ तिमोथी २:११,१२) मा प्रष्ट पाउदछौ।

*"किनकी ख्रीष्टको सम्बन्धमा उहाँ माथि विश्वास गर्न मात्र होइन,तर उहाँका निम्ती दु:ख भोग्न पनि तिमीहरुलाई अनुग्रह दिइएको छ।"* २ तिमोथी २:११ *"यो विश्वासयोग्य वचन हो:किनभने हामी उहाँसँग मरेका छौ भने हामी उहाँसगै जिउने पनि छौं।* १२ *हामीले दु:ख भोग्यौं भने हामीले उहाँसँगै राज्य पनि गर्नेछौ। हामीले उहाँलाई इन्कार गर्यौं भने उहाँले पनि इन्कार गर्नुहुनेछ।"*

हो,मसिही जिवन भनेको येशुलाई विश्वास मात्र गर्नु होईन तर पितालाई हाम्रो जिवनभर मृत्यु पर्यन्त यस जिवनलाई अर्पण गरी पछ्याउनु पनि हो।तर,हामी वचनमा पढ्दछौ कि थोरैले (विश्वासी) मात्र यसलाई भेट्टाउदछन,यस महान मौकालाई बुझ्दछन।येशुले यस साँघुरो बाटोलाई अर्को पदमा पनि उल्लेख गर्नुभएको छ जुन वचनलाई धेरै प्रष्ट नभुझेको मात्र होईन कि तर उल्टो गलत प्रकारले बुझेका छन।



मत्ती १९:२४

*"अनि फेरी म तिमीलाई भन्दछु,धनी मानिसलाई परमेश्वरको राज्यभित्र पस्नु भन्दा ऊटलाई सियोको नाथ्रीबाट छिरेर जानु सजिलो हुन्छ।"*

यही वचन मर्कुश १०:२५ र लुका १८:२५ मा पनि दोहोरिएको छ।यसको अर्थ के हो त? यसलाई साधारण भाषामा पढ्ने मात्र हो भन्ने यो साच्चै पढ्दा खेरी पनि अनौठो कुरा छ।

तर कतिपय बाइबल बिरोधीहरु यस पदलाई अरु पदहरु सँगसँगै प्रयोग गरेर यस पदद्वारा येशुको शिक्षाहरु निरर्थक,आधारहिन र असत्य भएको ठहर गर्दछन।त्यसो हो भने,यस पदको ठेट अर्थ के हो त?हामीले पुनस्मरण गरौ कि येशुले वचनहरु दृष्टान्तको साथसाथै उहाँको जिवनकालमा आफुले देख्नुभएका ठाउँ र चिजहरुलाई शिक्षा दिन प्रयोग गर्नुहुन्थ्यो।यो वचन/दृष्टान्त एउटा उदाहरण हो। हामीहरुले आउँदो पाठहरुमा अझ बढी यस्ता दृष्टान्तहरुको बारेमा हेर्नेछौ।येशुले यस पदमा सियोको नाथ्री भन्नाले के भन्नुभएको हो त?प्रभुले यस पदमा यरुशलेमको प्रमुख प्रवेशद्वार भित्रको पनि अर्को गेटलाई दर्शाउन खोज्दै हुनुहुन्छ।



त्यतिबेला जब व्यापारीहरु र उद्योगीहरु बेलुका अबेर साँझ घाम अस्ताएपछि फर्कन्थे जब यरुशलेमको मुख्य प्रवेशद्वार बन्द हुन्थ्यो,तब प्रमुख प्रवेशद्वारबाट पार हुन व्यापारीहरु र उद्योगीहरुले पहिला उँटमाथी चढाइएको भारी झिकालेर पहिला उँटलाई (त्यतिबेला तिनीहरुको साधन)निहुराइ त्यस प्रवेशद्वारबाट पार गर्नुपर्ने अवस्था थियो।हो,येशुले यस"सियो जस्तै प्रवेशद्वारको नाथ्रीबाट प्रवेश गर्दा आइपर्ने कष्टहरुको बारेमा भन्नुभएको थियो।जब कुनै धनी व्यापारी त्यसरी नै यरुशलेमको प्रवेशद्वार पार गर्नुपर्थ्यो तब उसले आफुसँग ल्याएको धेरै सामानहरु निकालेर आफैले बोकेर पार गर्नुपर्ने कारणले गर्दा असम्भव जस्तै लागेपनी,कठिन भएपनी साच्चै त्यो सम्भव थियो।त्यसैगरी,येशुले खोल्नुभएको साँघुरो बाटो कतिपय विश्वासीहरुलाई पहिलो चोटी असम्भव लागे पनी त्यस मार्गमा आफ्नो जिवनलाई समर्पण गर्नु साच्चै सम्भव छ नत्रता उहाँले त्यो बोलावट मानवजातीको निम्ती छोड्नु हुनेथिएन।हामीले यस विशेष ख्रीष्टिय जिवन मार्ग र बोलावटको विषयमा अझ बढी पाठ १७,१८ र १९ मा पढनेछौ।

त्यसैले प्रभुका जनहरु हो,यही नै साँघुरो बाटोको महान महिमा हो।अब,आउनुहोस,हामी तेश्रो बाटोको विषयमा हेरौ।के साच्चै तेश्रो बाटो पनि छ?यदी छ भने त्यो कस्तो बाटो होला त?हामीले चित्रमा सारा विश्व जोचाहिँ फराकिलो मार्गमा हिड्दछन,त्यो मार्ग जसलाई पापको मार्ग पनि भनिन्छ, जसले चाहिँ विनाश अथवा मृत्युमा पुर्याउदछ भन्ने प्रकाश पायौ।के मृत्यु नै सबै मानवजातीको अन्त्य हो त?येशु ख्रीष्टको बारेमा कहिल्यै नसुनेका र ख्रीष्टलाई कहिल्यै विश्वास नगरेकाहरुको लागी चाहिँ कुनै आशा छै न त?के येशु ख्रीष्ट सारा संसारको मुक्तिदाता हुनुहुन्न र?



यसको उत्तर हामी प्रष्ट १ युहुन्ना २:२ मा पाउदछौ।

*"अनि उहाँ हाम्रा पापहरुका निम्ति प्रायश्चित हुनुहुन्छ;र हाम्रा पापहरुका निम्ति मात्र होइन,तर सारा संसारका पापहरुका निम्ती।"*

हो,येशु ख्रीष्ट ख्रीष्टियान विश्वासीहरुको लागी मात्र नभएर सम्पूर्ण मानवजातीको पापको निम्ति कलबरीको क्रुशमा मर्नुभयो।यसको विषयमा हामी अर्को पद १ तिमोथी २:६ मा पनि पाउदछौ।

*"जसले आफैलाई सबैका लागी छुटकाराको दामको रुपमा दिइहाल्नुभयो,जसको साक्षी ठीक समयमा दिइयो।"*

उहाँले सबैको छुटकाराको मोलको निम्ति आफैलाई सुम्पिदिनुभयो,जुन कुराको गवाही ठिक समयमा दिइयो।हो,येशु ख्रीष्टले सबै मानिसलाई मृत्युबाट छुटकाराको निम्ति आफ्नो जिवन अर्पण गर्नुभयो।तसर्थ,हामीले हामी विश्वासी बाहेक अरु बाँकी सम्पूर्ण मानवजातीको लागी पनि मुक्ति छ

भन्ने कुरा ठम्माउन सक्छौ।होईन र?हो,विश्वको मुक्ति नै तेश्रो मार्ग हो जुनलाई अब हामी परिचयको साथै अध्ययन पनि गर्नेछौ।विश्वको मुक्ति कसरी हुन्छ होला त?आउनुहोस यशैया ३५:८ लाई पढौ।

*"अनि त्यहाँ एउटा राजमार्ग हुनेछ,अँ,एउटा बाटो,जसको नाम 'पवित्रताको बाटो' भनिनेछ; अशुद्द जनले त्यसबाट भएर हिड्न पाउनेछैन;तर त्यो त उनीहरुका निम्ति हुनेछ;त्यस बाटोमा हिड्ने यात्रीहरु मुर्ख भएतापनि बाटो बिराउने छैनन।*

३) तेश्रो बाटो (मूलबाटो):"तर त्यस मार्गमा हिड्नेहरुका निम्ति मात्र त्यो हुनेछ।दुष्ट मुर्खहरु त्यसबाट जान पाउने छैनन।"हो,यो बाटो पापीहरुको निम्ति हुनेछ।सारा मानवजाती जोचाहिँ जान-अजान पापको साङ्ला भित्र छन तिनीहरुको निम्ती नै यो बाटो हुनेछ।तर दुष्ट मुर्ख भन्नाले कसलाई चिनाउछ त? हामीले यसको बिषयमा भजनसंग्रह १४:१ मा पढ्न सक्छौ।

*" मुर्खले मन-मनमा भनेको छ:परमेश्वर छैन।" तिनीहरु भ्रष्ट भएका छन,तिनीहरुले घिनलाग्दा कामहरु गरेका छन;असल गर्ने कोही छैन।"*

हो,यि मुर्खहरु भनेका संसारका महान नायकहरु र विद्वानहरु हुन।





जोहरुले चाहिँ अहिले आएर खुला रुपले सारा ब्रम्हाण्डको कोही सृष्टिकर्ता छैन र कोही ईश्वर छैन भनेर दाबी गर्दछन।तर,सृष्टि आदिमा निश्चित प्राकृतिक प्रकृयाबाट सृजित भयो जसलाई चाहिँ “Big Bang Theory" भनेर भन्ने गर्दछन।तसर्थ,यि मुर्खहरु त्यस मुल बाटो भएर जान पाउने छैनन र यो उनीहरुको मस्तिष्क र विचारमा छिर्ने छैन जसरी यशैया २९:२४ मा लेखिएको छ।

*“अनि आत्मामा भड्किएर जानेहरुले समझ प्राप्त गर्नेछन्,र गनगनाउनेहरुले शिक्षा सिक्नेछन्।”*

यो मार्गको विषयमा अझ बढी हामी यशैया ३५:९ मा पाउदछौ।

*"त्यहाँ कुनै सिंह हुनेछैन,नता कुनै हिस्रंक जनावर नै त्यसमा हिड्नेछन; त्यो त्यहाँ पाइनेछैन;*

*त्यो त्यहाँ पाइनेछैन;तर दाम तिरेर छुट्याइएकाहरु त्यसमा हिड्नेछन।"*



के यसले जनावरलाई इङ्गित गरिराखेको छ त?त्यसो हो भने के त्यो मुल बाटो अथवा जिवनको त्यस मार्गमा कुनै सिंह नै हुनेछैन होला त?कस्तो निराशाजनक कुरा।किनभने सिंह साच्चै बलवान र अनुग्रही, जनावरहरुको राजा पनि हो।



कतिजना सिंह नै हेर्न भनेर चिडियाघरमा जाने गर्दछन।के त्यसो हो भने यो वचन साधारण भाषामा बोलिएको र लेखिएको हो त?कदापी होईन।यस वचनमा उल्लेखित सिंह चाहिँ १ पत्रुस ५:८ मा लेखिएको सिंहलाई बुझाउन खोजिएको छ।

*"सचेत रहो,जागा रहो;किनकी तिमीहरुको बिरोधी शैतान गर्जने सिँहझै कसलाई निलुँ भनेर खोज्दै चारैतिर घुमिहिड्छ।"*

हो,मुलबाटोमा दुष्टहरु अथवा सिंहहरुले शैतानलाई इङ्गित गरेको हो।यस पदले शैतान र त्यसका अदृश्य शक्तिहरु त्यस समयहरुमा बन्द गरेर राखिनेछ र त्यसले मानवजातीलाई छक्काउन असमर्थ हुनेछ जेको विषयमा हामीले प्रकाश २०:३ मा पाउदछौ।

*"अनि तिनले त्यसलाई अथाह कुण्डमा फ्याँकिदिए र त्यसलाई थुनिदिए,अनि हजार बर्ष पुरा नहुउन्जेल त्यसले अबदेखी उसो जाति-जातिहरुलाई धोका नदेओस भन्ने हेतुले तिनले त्यसमाथि छाप लगाइदिए;अनि यि कुराहरु पछी त्यो थोरै समयका लागी छोडिनुपर्छ।"*

हो,शैतान,त्यो सिंहलाई बन्द गरेर राखिनेछ र त्यसले मानवजातिलाई छल्न पाउने छैन।अनि हामी यशैया ३५:९ देखि तल अझ के लेखिएको पाउदछौ त?

*"त्यहाँ कुनै सिंह हुनेछैन,न ता कुनै हिस्रंक जनावर नै त्यसमा हिड्नेछन;त्यो त्यहाँ पाइनेछैन;तर दाम तिरेर छुट्याइएकाहरु त्यसमा हिड्नेछन।"१०अनि परमप्रभुका दाम तिरेर छुटाइएकाहरु फर्कनेछन् सियोनमा गीत गाउँदै आउनेछन;उनीहरुका शिरमाथि सदा रहिरहने आनन्द हुनेछ;उनीहरुले हर्ष र आनन्द प्राप्त गर्नेछन्;शोक र सुस्केरा भाग्नेछन्।"*

यसको अर्थ के हो त?हामीले हेर्यौं कि सिंह शैतानको प्रतिक हो भने यि हिस्रंक पशुहरुले पनि पक्कै शैतानसँग नै सम्बन्धित अथवा शैतानको अधिनमा रहेकाहरुलाई जनाउदछ जसरी सिंह चाहिँ सम्पूर्ण बलवान हिस्रंक पशुहरुको राजा हो।हो,यि हिस्रंक पशुहरुले शैतानका सम्पूर्ण प्रणाली र दुष्टका मुल उपजहरुलाई इङ्गित गर्दछ जस्तै जुवातास खेल्ने अखडाहरु,डान्सबार,व्यभिचार,

अश्लिल चलचित्रहरु,टेलिभिजन आदी।यि सबै कुराहरुले पापको मार्गमा लादछ र अन्त्यमा विनाश अथवा मृत्युमा पुर्याउदछ।यस सम्बन्धमा हामी के पढ्न सक्दछौ त?हो,न त कुनै हिस्रंक पशु त्यहाँबाट भएर जानेछ।हो,यसरी नै पापको सबै मुलहरु र परिक्षाहरु त्यसबेला प्रबल हुनेछैन।त्यो साच्चै नयाँ विश्व प्रणाली हुनेछ।फेरी हामी यशैया ३५:१० को अन्तिम खण्ड पढौ।

*"अनि परमप्रभुका दाम तिरेर छुटाइएकाहरु फर्कनेछन सियोनमा गीत गाउँदै आउनेछन;उनीहरुका शिरमाथि सदा रहिरहने आनन्द हुनेछ;उनीहरुले हर्ष र आनन्द प्राप्त गर्नेछन्;शोक र सुस्केरा भाग्नेछन्।"*

यहाँ हामी पढ्न सक्छौ कि,छुटकारा पाएकाहरु फर्किनेछन।यसको अर्थ के हो त?यस वचनमा छुटकारा पाएकाहरुले सारा विश्वका सम्पूर्ण मानवजातीलाई चिनाउदछ जोहरु चाहिँ आफु हिडिरहेको बाटोबाट फर्केर आउनेछन।त्यसो भने आदी देखी मानवजाती कुन बाटो भएर कहाँ जादै थिए त?हामीले शुरुमा हेर्यौ कि सम्पूर्ण मानवजाती फराकिलो बाटोमा हिँडिरहेछन जसले चाहिँ विनाश अथवा मृत्युमा पुर्याउदछ।तर अब प्रभुको अनुग्रह र उहाँले चुकाउनुभएको मुल्य अनि दिनुभएको छुटकाराले तिनीहरु मृत्युबाट ब्युँझनेछन। (दानियल १२:२)

*"अनि पृथ्वीको धुलोमा सुत्नेहरुमध्य धेरैजना-कतिजनाचाहिं अनन्त जीवनका निम्ती,तर कतिजना चाहिं शर्म र अनन्त घृणाका निम्ती बिउँझनेछन।"*

यस पदमा हामी पढ्दछौ कि त्यो समयमा सम्पूर्ण मानवजाती फेरी जिवित हुनेछ।यसलाई हामी अर्को पदमा १ कोरिन्थी १५:२२ पनि प्रष्ट पाउदछौ।

*" किनकी आदममा सबै मर्छन,त्यसरी नै ख्रीष्टमा सबै जिउँदो पारिनेछन।"*

हो,ख्रीष्टमा सबैको पुनरुत्थान हुनेछ जसरी प्रेरित पावलले यो विषयलाई पक्का गरी प्रेरित २४:१५ मा लेख्दछन।

*"अनि मरेकाहरुको,दुबै धर्मी र अधर्मीहरुको बौरिउठाइ हुनेछ भनी म परमेश्वरमा आशा राख्दछु,जुन कुरा यिनीहरु आफैले पनि स्विकार गर्दछन।"*

यसलाई अझ अर्को पद १ तिमोथी २:३,४ पदले परमेश्वरको मानवजातीप्रतिको इच्छालाई दर्शाउछ।

*"किनभने यो कुरा हाम्रा परमेश्वरको दृष्टिमा असल र ग्रहणयोग्य छ;४ उहाँ सबै मानिसहरुले मुक्ति पाउन् र सत्यताको ज्ञानमा आउन् भन्ने चाहनुहुन्छ।"*

हो, यो परमेश्वरको इच्छा हो र यो अवश्य पुरा हुनेछ।त्यो महान दिन त्यति टाढा पनि छैन।त्यसो भने "मुक्ति पाउन्" भन्नुको अर्थ के हो त?




यदी ठिक प्रकारले बुझ्ने हो भने बाइबलिय भाषामा यसलाई मृत्युबाट मुक्ति भन्न खोजिएको हो।यो पदले मानवजातीको २ वटा प्रकृयालाई जनाउदछ,पहिला–मृत्युबाट छुटकारा अनि दोश्रो:मृत्युबाट छुटकारा पाएकाहरु पापको बन्धनबाट छुट्नेछन।तसर्थ,पुनरुत्थानद्वारा सबै मृत्युबाट बचाइनेछन अथवा मृत्युबाट छुटकारा पाउनेछन अनि त्यसपछि सबै सत्यको ज्ञानमा आउनेछन।यस्तो बडो अचम्मको पुनरुत्थान कसरी सम्भव होला त?यसबारे हामीले लुका १३:२९–३० मा पाउदछौ।

*"अनि तिनीहरु पूर्व र पश्चिमबाट,उत्तर र दक्षिणबाट आउनेछन्,र परमेश्वरको राज्यमा बस्नेछन्।३० अनि हेर,पछिल्लाहरु छन्,जो अघि हुनेछन्;अनि अघिल्लाहरु छन्,जो पछिल्ला हुनेछन्।"*

मानिसहरु पूर्व,पश्चिम,उत्तर र दक्षिणबाट आएर परमेश्वरको राज्यको भोजमा बस्नेछन।हेर,पछिल्लाहरु चाहिँ पहिला हुनेछन्,र पहिलाहरु चाहिँ पछिल्ला।यहाँ नै पुनरुत्थान कसरी हुन्छ भन्ने प्रकृयाबारे रहस्य छ।पछिल्लाहरु (मर्नेहरुमा) पहिला (मृत्युबाट बौरी उठ्नेमा) हुनेछन र पहिलाहरु (मर्नेहरुमा) पछिल्ला (मृत्युबाट बौरी उठ्नेमा) हुनेछन।पक्कै पनि,पुनरुत्थानको शिलशिला हुनेछ।पुनरुत्थानको अवधीमा मर्नेहरुको अन्तिम पुस्ता नै पहिले जिवित हुनेछन भने पहिले जन्मेका आदम र उसको पुस्ताहरु अन्तिममा उठ्नेछन।यो चाहिँ विषेश गरेर राज्यब्यवस्थालाई परिवार,छिमेकी र मित्रहरुको समुहमा ब्यवस्थित गर्नका निम्ति हो।पुनरुत्थान हुँदा मानिसको शरिर उ मर्ने बेलाको मानसिक र शारिरिक अवस्था जस्तै दुरुस्तै हुनेछ।त्यहाँ कुनै पनि परिवर्तन हुनेछैन।यसलाई अझ पक्का गरी हामी अय्युब १९:२६,२७ मा पाउदछौ।

*अनि औंसाहरुले मेरो छालापछी यो शरीर नाश गरेता पनि म मेरो शरीरमा परमेश्वरलाई देख्नेछु।२७ उहाँलाई म आफैले देख्नेछु;अनि मेरा आँखाहरुले उहाँलाई देख्नेछन्,अरुले होइन;मेरो अन्तरस्करण मेरो छातीभित्र बिलेर गए तापनि।"*

यि शब्दहरुलाई ख्याल गर्नुहोस, "म आफ्नै आँखाले,आफैले नै,अरु कसैले होईन"।हो,त्यहाँ व्यक्तित्त्वमा कुनै परिवर्तन हुनेछैन।



प्रत्यकले आफुले आफुलाई व्यक्तिगत रूपमा कुनै परिवर्तन बिनानै प्राकृतिक रुपले चिन्दछन।त्यसपछी पापबाट छुटकाराको क्रिया कसरी पुरा हुनेछ त?यसको उत्तर हामी युहुन्ना १७:१७ मा पाउदछौ।

*"तपाईंको सत्यताद्वारा तिनीहरुलाई पवित्र पार्नुहोस्;तपाईंको वचन सत्य हो।"*

हो, पापको मार्गबाट शुद्दिकरण र पवित्रकरण केबल उहाँको वचनको सत्यताद्वारा मात्र सम्भव छ।तसर्थ,"सबै जना सत्यको बाटोमा आउने छन।"यो कसरी पुरा होला त?पहिलो प्रकृया हामी यशैया २९:१८र ३२:३ मा पढ्न

*"अनि त्यस दिन बहिराहरुले पुस्तकका शब्दहरु सुन्नेछन,र धमिलोपनबाट र अन्धकारबाट अन्धाहरुका आँखाहरुले देख्नेछन्।"*

*"अनि जसले देख्नेछन्,तिनीहरुका आँखाहरु धमिला हुनेछैनन्,र जसले सुन्छन,तिनीहरुका कानहरुले ध्यान दिएर सून्नेछन्।"*



यसैले हाम्रो प्राकृतिक आँखा र कानको विषयमा भनेको होईन।बरु यसले संसारलाई नै बन्धनमा पारेको शैतानका युक्तिहरुबाट छुटकारा पाएर सारा मानवजातीले उहाँको बचन सुन्ने र बुझ्ने आत्मिक कान र आँखा खोलिने तथ्यलाई बताउदछ।हो,सारा मानवजाती अन्धकारको शक्तिबाट छुटकारा पाइ,झुटा शिक्षा,अन्धविश्वास आदिलाई राम्ररी बुझी र प्रभुको बाइबलिय सत्यतालाई पहिचान गर्न सक्नेछन जुन काम तिनीहरुले पहिला गर्न सकेका थिएनन किनकी २ कोरिन्थी ४:४ मा लेखिए अनुसार

*"जसमा यस संसारको ईश्वरले विश्वास नगर्नेहरुका मनहरु अन्धा पारेको छ,ख्रीष्टको महिमाको सु-समाचारको ज्योति तिनीहरु माथि नचम्कियोस भनेर,जुन ख्रीष्ट चाहीँ परमेश्वरको प्रतिरुप हुनुहुन्छ।"*

हो,शैतानले तिनीहरुको मस्तिष्क र सोच विचारलाई छलकपट र झुटद्वारा अन्धो बनाइदिएको छ। अनि,हामीले हबकुक २:१४ मा पढ्दछौ।

*"किनभने जसरी पानीले समुन्द्रलाई ढाकेको हुन्छ,त्यसरि नै पृथ्वी परमप्रभुको महिमाको ज्ञानले भरपुर हुनेछ।"*

हो,वचनको ठेट सत्यता सारा विश्वभरी कसरी फैलिनेछ त?कसरी भनेर तपाईंले सोध्नुहोला?हाम्रै आँखा अगाडी हामीले प्रविधीका विभिन्न उपकरणहरु जस्तै टेलिभिजन,रेडियो,चलचित्र,किताबहरु, ईन्टरनेट,कम्प्युटर आदी देखेका छौ।

तसर्थ,यो मुलबाटोलाई पवित्रताको बाटो भनिनेछ–सिद्दताको मार्ग।तसर्थ मृत्यु र अज्ञानता क्रमश: सबै मानिसबाट हट्नेछ।यसको बारेमा हामीले दुरुस्तै यशैया २५:७ मा पढ्न सक्छौ।

*"अनि यही पहाडमा उहाँले सबै मानिसहरुमाथि ओढाइएको पोसको मुख र सबै जातिहरुमाथि फैल्याइएको घुम्टो नष्ट गर्नुहुनेछ।"*यसको अर्थ के होला त?यसमा चिन्ह र प्रतिकहरु प्रयोग भएको छ र यसले निम्न कुराहरु प्रतिबिम्बित गर्दछ।

"वस्त्र–यसले सम्पूर्ण मानवजातीलाई ढाकेको आदमबाट वंशाणुगत सर्दै आएको मृत्युलाई जनाउदछ जसरी वचनमा "आदममा सबै मर्दछन" भनेर लेखिएको छ र "तन्ना"ले सम्पूर्ण मानवजातीको समझको आँखा ढाकिएको/बन्द भएको अवस्थालाई जनाउदछ जसरी हामी तलको वचनहरुमा पढ्न सक्छदछौ।

यशैया ६०:२,

*"किनकी हेर,अन्धकारले पृथ्वीलाई र घोर अन्धकारले जाति-जातिका मानिसहरुलाई ढाक्नेछ;तर परमप्रभु तँ माथि उदाउनुहुनेछ,र उहाँको महिमा तँमाथि देखापर्नेछ।"*

२ कोरिन्थी ४:४,*"जसमा यस संसारको ईश्वरले विश्वास नगर्नेहरुका मनहरु अन्धा पारेको छ, ख्रीष्टको महिमाको सु-समाचारको ज्योति तिनीहरु माथि नचम्कियोस भनेर,जुन ख्रीष्ट चाही परमेश्वरको प्रतिरुप हुनुहुन्छ।"*

अनि,त्यस मुल बाटोमा इमान्दारीसाथ हिड्नेहरुको निम्ती थुप्रै इनामहरु हुनेछ।अय्युब ३३:२४-२५ मा लेखिएको छ,त्यो दूत त्यस मानिसमाथि कृपालु हुनसक्छअनि परमेश्वरलाई भन्छ,

*“२४ उहाँ त्यसप्रती अनुग्रही बन्नुहुन्छ,र भन्नुहुन्छ:त्यसलाई तल खाडलमा जानदेखी छुटाउ!मैले छुटकाराको दाम पाएको छु।२५त्यसको मासु बालकको भन्दा पनि ताजा हुनेछ;त्यो फेरी आफ्नो जवानीको अवस्थामा फर्कन्छ।”*

हो,यो पदले मानिसले कल्पना नै गर्न नसकिने नाशवन्त उमेर बढ्ने प्रकृयाको विपरित अनौठो प्रकृयाको विषयमा बताउदछ।हो,त्यतिबेला मान्छेहरु दिन-दिनै जवानीपनमा बुढो हुँदै जानेछन।हो, तिनीहरु दिन-दिनै झनझन जवान हुनेछन।



सेतो कपाल कालो हुनेछ।चाउरी परेका छाला नरम हुनेछन।दुर्बलता बलमा परिणत हुँदै जानेछ।झरेका दातहरु पलाउन सुरु हुनेछन।सबै असिद्दता सिद्दताले नाश हुँदै जानेछ।अनि त्यति बेला जाँचको अबधि पनि हुनेछ।जेको बारेमा हामीले यशैया ६५:२० मा पढ्न सक्छौ।

*“त्यहाँ थोरै दिन मात्र बाँच्ने दुधे बालक र आफ्नो आयु पुरा नगर्ने वृद्ध मानिस फेरी कहिल्यै हुनेछैनन्; किनकी ठिटो धरी सय बर्षको भएर मर्नेछ;तर सय बर्षको भएर पनि पापी मानिस श्रापित हुनेछ।”*

हो,सबैले प्रायश्चित गर्न र पापको मार्गबाट फर्किएर मुलबाटोमा हिड्न १०० वर्षको अबधि पाउनेछन।तपाई कल्पना मात्र गर्नुहोस।आजको समयमा त्यो अवधी भनेको मानिसको आफ्नै आयु पनि हुँदैन।प्रभुले मानवजातीको पापको प्रायश्चित गर्न कती लामो समय निर्धारण गर्नुभएको छ।त्यसो भए,के त्यो समयहरुमा जानी जानी स्वइच्छाले अनाज्ञाकारी मानिसहरु पनि हुनेछन त?यसको विषयमा हामीले यशैया २६:१० मा पाउदछौ।

*"दुष्टलाई दया देखाइयोस् ता पनि त्यसले धार्मिकता सिक्नेछैन;सिधा चाल चल्ने देशमा पनि त्यसले दुष्ट काम गर्नेछ र परमप्रभुको सर्वश्रेष्ठता देख्नेछैन।"*

हो,प्रभुको असिम कृपा र दयाको बाबजुद पनि त्यसबेला त्यस्ता व्यक्तिहरु हुनेछन।तिनीहरुले प्रायश्चित गर्न रोज्दैनन,आफ्नो पापबाट फर्किदैनन तर अझ शैतानको बाटो पहिल्याइ धार्मिकता र प्रभुको बिरोधीहरु हुनेछन।



अनि बा ँकी मानिसहरुको विषयमा हामीले यशैया ३५:१० मा पाउदछौ।

*“अनि परमप्रभुका दाम तिरेर छुटाइएकाहरु फर्कनेछन् सियोनमा गीत गाउँदै आउनेछन्; उनीहरुका शिरमाथि सदा रहिरहने आनन्द हुनेछ; उनीहरुले हर्ष र आनन्द प्राप्त गर्नेछन्; शोक र सुस्केरा भाग्नेछन्।“*



अनि अर्को पद भजनसंग्रह २२:२७,२८ मा पनि हामी यसै विषयलाई पाउदछौ।

*“२७पृथ्वीका सबै छेउ-छेउहरु सम्मका मानिसहरुले सम्झना गर्नेछन्,अनि परमप्रभु कहाँ फर्कनेछन्; अनि अन्यजातिहरुका सबै कुलहरुले तपाईंको सामु दण्डवत गर्नेछन्।२८ किनकी राज्य परमप्रभुकै हो;अनि जाती- जातिहरु मध्यमा उहाँ नै शासक हुनुहुन्छ।“*



हो,धेरै मानिसहरु परमप्रभुतिर फर्केर उहाँको आज्ञाहरु पालन गरेर उहाँको आर ाधना गर्नेछन।यो तेश्रो बाटो अथवा मुलबाटो कहिले खोलिन्छ त?यसको उत्तर हामी १ कोरिन्थी १५:२३ मा पाउदछौ।

*"तर हरेक आ-आफ्नो पालोमा:पहिलो फल ख्रीष्ट,त्यसपछि उहाँको आगमनमा ख्रीष्टका जनहरु।"*

हो, प्रभुको दोश्रो आगमनले नै तेश्रो बाटो (मुलबाटो) खोलिनेछ।




येशूले आफ्नो पहिलो आगमनमा यस मार्गको बिषयमा भन्नुभएन किनभने उहा ँले मानव चोलामा यस संसारमा जन्म लिदा ँ दोश्रो बाटो (सा ँघुरो बाटो) खोल्न आउनुभयो जसद्वारा स्वर्गिय महान मुक्ति छ।तर उहा ँको पुनरागमनमा उहा ँले तेश्रो बाटो खोल्न आउनुहुनेछ जसद्वारा सम्पूर्ण मानवजातीको उद्दार भइ प्रभुले आदमलाई सृष्टि गर्नुहुँदा खेरीको मानविय सिद्दता स्थापना गर्नुहुनेछ।

हो,हामीले आज पवित्र आत्माको सहायता र कृपाद्धारा उहाँको वचनमा रही यो तेश्रो बाटो/मार्गको विषयमा पनि जान्ने मौका पायौ।

अनि हामी पुनरागमनको झन नजिक छौ जुनद्वारा यो तेश्रो मार्ग खोलिनेछ।

प्रभुका जनहरु,यि नै बाइबलमा रहेका ३ वटा बाटोहरु हुन।



**"आमेन"**